# बागमती प्रदेश सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## पशुपन्छी तथा मत्य विकास निर्देशनालय
# पशु सेवा कार्यालय
धादिङ।

# प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०७/२५

**सूचना नं. ३**

पशु सेवा कार्यालय, धादिङको आ.व. २०८१/०८२को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम सञ्चालनका लागि यस जिल्ला भित्रका इच्छुक आर्थिक हिसाबले विपन्न एवं अल्पसंख्यक तथा सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडिएका जातजातिहरु एवंम उनीहरुबाट गठित कृषक समूह, सहकारी र निजी पशुपन्छी फार्महरुले यो सूचना प्रकाशित भएको मितिले २१(एकाइस) दिन (मिति २०८१/०८/१५ गते) कार्यालय समय भित्र यस कार्यालय वा सम्बन्धित स्थानियतहको पशु सेवा शाखामा आवेदनसहित तपशिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन दर्ता गर्नुहुन आह्वान गरिएको छ। सथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरुको छनौट प्रकृयामा समावेश हुन नसक्ने व्याहोरा समेत जानकारी गरांईन्छ।

| क्र.सं. | कार्यक्रमको नाम | परिमाण | कार्यालयको तर्फबाट अधिकतम प्रोत्सहन रकम रु. | स्वीकृत कार्यविधि |
|---|---|---|---|---|
| १ | खाद्य प्रणाली रुपान्तरणको लागी मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | १० वटा | कुल लागतको ८० प्रतिशत वा प्रति आवेदक बढीमा रु. १ लाख सम्म | खाद्य प्रणाली रुपान्तरणको लागी मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८० |

**संलग्न गर्नुपर्ने कागजात:**

१. रु. १०।– को हुलाक टिकट टाँस गरेको अनुसूची -३ अनुसारको आवेदन,

२. अनुसूची -४ अनुसारको प्रतिवद्धता पत्र,

३. संस्था दर्ता/नविकरण प्रमाणपत्र, गत आ. व. को कर चुक्ता र PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि,

४. व्याक्तिको हकमा नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रमाणित प्रतिलिपि,

५. आर्थिक रुपले विपन्न तथा अल्पसंख्यक/सिमान्तकृत/दलित/पिछडिएका जात-जातिहरु खुल्ने परिचयपत्रको प्रतिलिपि वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/स्थानीय तह/वडाको सिफारिस,

६. निवेदक पुर्ण वा आंशिक रुपमा पशुपालन पेशामा आवद्ध भएको र कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको/नहुने व्याहोरा सहितको सम्बन्धित स्थानीय तहको आधिकारिक सिफारिस पत्र,

७. कार्यक्रम सञ्चालन गरिने स्थानको जग्गाको स्वामित्व देखिने प्रमाणपत्र वा जग्गा भाडाको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र,

८. अनुसूची -१ मा उल्लेखित पशुपन्छी तथा मत्स्य सम्बन्धि व्यवसायमा प्रस्ताव पेश गर्नुपर्ने।

नोट: थपजानकारीकोलागी यस कार्यालयको सूचना पाटी, वेबसाइट vhlsedhading.bagmati.gov.np फेसबुक पेज पशु सेवा कार्यालय, धादिङ, फोन नं. ०१०५२०१०७, ९८५१३१२१०७ वा स्थानिय तहको सूचना पाटी बाट प्राप्त गर्न सक्नुहुनेछ। कार्यक्रम संचालन कार्यविधि कृषि तथा पशुपन्छी विकास मत्रालयको, बागमती प्रदेशको वेबसाइट http://molmac.bagmati.gov.np बाट प्राप्त गर्न सकिनेछ।

कार्यालय प्रमुख



☎ ०१०-५२०१०७
Email: vethospitaldhading@gmail.com
वेबसाइट :https://vhlsecdhading.bagamati.gov.np